# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
### बुद्धनगर, काठमाडौं ।

# दायित्व फरफराक सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०७/०१ गते**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषित भै सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले समस्याग्रस्त घोषित संस्थाका संचालक, व्यवस्थापकहरु, ऋणी सदस्यहरु र कर्मचारीहरुलाई आफ्नो दायित्व भुक्तानीको लागि पटक पटक राष्ट्रियस्तरको पत्रपत्रिका र SMS मार्फत ३५ दिने सूचना समेत प्रेषित गरेकोमा केही ऋणी सदस्यहरु बाहेक अधिकांश ऋणी सदस्यहरुले सम्पर्क पनि नगरेको र आफूले तिर्न बुझाउनु पर्ने दायित्व समेत तिरे बुझाएको नदेखिएकोले अब अन्तिम पटक दैनिक राष्ट्रिय पत्रिका गोरखापत्रमा १५ दिने सूचना प्रकाशित गर्ने र सो अवधिसम्म पनि ऋणीहरु तथा जमानीकर्ताहरुले आफ्नो दायित्व तिर्न बुझाउन नआएमा निज ऋणी र निजका एकाघरका परिवारहरुको श्री सम्पत्ति, बैंक खाता तत्काल रोक्का गर्ने, कालो सूचिमा राख्ने र रोक्का राखिएको सम्पत्ति र बैंक खाताबाट सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) सहकारी नियमावली, २०७५ बमोजिमको कारवाही अगाडी बढाई ऋण असुल उपर गरिने हुँदा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको वेबसाइट **coopmc.gov.np** हेर्नु हुन अनुरोध छ ।

**तपसिल**

| | |
|---|---|
| स्टाण्डर्ड सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. | तुलसी बहुमुखी सहकारी संस्था लि. |
| प्यासिफिक सेभिङ्ग एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ लि. | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |
| सोसाइटल बहुउद्देश्यीय सहकारी संस्था लि. | हाम्रो नयाँ कृषि सहकारी संस्था लि. |
| प्रभु बचत तथा ऋण सहकारी संस्था लि. | कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि. |
| लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लि. | कान्तिपुर सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि. |
| ओरेण्टल को-अपरेटिभ लि. | श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लि. |
| कन्जुमर बचत तथा ऋण सहकारी संस्था लि. | गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लि. |
| कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. |
| भेगास बचत तथा ऋण सहकारी संस्था लि. | पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. |